**महाभारत गाउँपालिका**

མ་ཧཱ་བྷཱ་ར་ཏ་གཱཨུ་པ་ལི་ཀཱ།།

# गाउँ कार्यपालिकाको कार्यालय

देविटार, काभ्रेपलाञ्चोक

स्था: २०७३

महाभारत गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देविटार, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

बागमती प्रदेश, नेपाल


प. सं.:- २०८३/०८४ च. नं.:-

सूचना नं.: १२

## व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति: २०८३/०५/२२

ने.सं. ११४६ गुंलागा एकादशी, सोमवार।

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस गाउँपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०८२ को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म गाउँपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको **मितिले १५ (पन्ध्र) दिनभित्र** देहायका विवरण तथा कागजात संलग्न राखी गाउँपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यवसायलाई गाउँपालिकाको व्यवसाय कर व्यवस्थापन कार्यविधि, २०७९ को दफा १६ बमोजिम निजलाई कार्यालयबाट फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर वा नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गराएर वा बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर वा करदाताको कारोबार रोक्का गरेर वा करदाताको चल तथा अचल सम्पत्ति दावी वा रोक्का गरेर वा करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी लिलामबिक्री गरेर निजबाट लिनुपर्ने व्यवसाय कर असुल उपर गरी सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यवसाय बन्दको कारबाही समेत चलाउन सकिनेछ।

कागजातहरूको सूची:

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि

(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस वा सर्जमिन मुचुल्का

(ङ) व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरू (घर भाडा, पानी बिजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)

(च) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो।

५/२२

(नारायण प्रसाद खनाल)

प्रमुख प्रशासकीय अधिकृत